# बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्झौता पत्रको नमूना

(नगरपालिकाका लागि)

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम ........पुनर्वास........ नगरपालिकाको कार्यालय, पुनर्वास, कञ्चनपुर (यस पछि नगरपालिका भनिने) र श्री एन. आई. सी. एशिया ........ बैंक लि. शाखा पुनर्वास .................. (यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

पु. न. पा. वडा नं. १,२,३,४ को लागि

*शर्तहरु*

१. नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (MIS बाट आउने १३ अंकको संकेत नं.), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण उल्लेख गरी बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले नगरपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा सून्य मौज्दातमा बचत खाता खोल्नेछ ।

३. बैंकले पूर्ण अपाङ्गता भएका व्यक्तिको हकमा निजको संरक्षक समेतको नाममा संयुक्त बचत खाता खोली कुनै एकको दस्तखतबाट खाता सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ ।

४. ५ वर्ष मुनीका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलि दिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

५. बैंकले लाभग्राहीको खाता खोली सकेपछि लाभग्राहीको नाम र खाता नं. नगरपालिकालाई उपलब्ध गराउनेछ ।

६. नगपालिकाले प्रत्येक लाभग्राहीको नाम, लक्षित समूह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउने छ ।

७. नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी सोको बैंक स्टेटमेन्ट सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

८. बैंक स्टेटमेन्टलाई नै भरपाई मानिने हुँदा नगरपालिकाले बैंकसँग स्टेटमेन्ट बाहेक थप भरपाई माग गर्ने छैन ।

९. तथ्यांक आदान प्रदान गर्दा संभव भए सम्म Online System बाट (Forward Feed Reverse Feed प्रयोग गरी) आदान प्रदान गरिनेछ ।

१०. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाउनेछ ।

११. एक आ.व. भित्र कत्ति पनि रकम नझिक्ने लाभग्राहीको खाता रोक्का गरी त्यसको विवरण बैंकले नगरपालिकालाई श्रावण मसान्त भित्र उपलब्ध गराउने छ । प्राप्त विवरण जाँचबुझ गरी लगत कट्टा गर्ने वा खाता पुनः सूचारु गर्ने बारे नगरपालिकाले बैंकलाई १५ दिन भित्र जानकारी गराउने छ ।

पुनर्वास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पुनर्वास, कञ्चनपुर ७ नं. प्रदेश नेपाल

NIC ASIA BANK LTD. PUNARBAS BRANCH

नगरपालिका कार्यालयको तर्फबाट

पद : प्रमुख प्रशासकीय अधिकृत

नाम : भरत सिंह कार्की

दस्तखत : [signature]

मिति : २०७४।११।२५

बैंकको तर्फबाट

पद : शाखा प्रबन्धक

नाम : संजोग भट्ट

दस्तखत : [signature]

मिति : २०७४।११।२३

रोहबर

पद :- सामाजिक सुरक्षा फाँट प्रमुख

नाम :- मान बहादुर खड्का

पद :- आर्थिक प्रशासन प्रमुख

नाम :- जनक कुमार चौधरी